# पूर्वाञ्चल विश्वविद्यालय
## सेवा आयोगको कार्यालय

☎ ०२१-५९०८४१
पो. बक्स नं. : १४२
गोठगाउँ, मोरङ, नेपाल


प.सं./च.नं. ..................                                                                 मिति २०८१।११।१३

## प्रशासनिक पदहरूको आन्तरिक प्रतियोगिताको लिखित परीक्षाको तालिका प्रकाशन सम्बन्धी सूचना !

पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगको कार्यालयबाट मिति २०८१।०९।१२ गते प्रकाशित प्रशासनिक पदहरूको आन्तरिक प्रतियोगितको विज्ञापन अन्तर्गत तपसिल बमोजिमका विज्ञापन नं., पद र सेवा/समूहमा आवेदन दिई **पूर्वाञ्चल विश्वविद्यालय नियमावली २०५३ (संसोधन सहित)** खण्ड (ख) सेवा सम्बन्धी नियमावली २०५३ को परिच्छेद-४ नियम २०ख तथा **पूर्वाञ्चल विश्वविद्यालय कर्मचारी छनौट तथा पदोन्नति प्रक्रिया एवम् कार्यप्रणाली २०७३ (संशोधन २०७८)** बमोजिम छनौट भएका योग्य उम्मेदवारहरूको विषयगत लिखित परीक्षा तपसिल बमोजिमको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सेवा आयोगको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित तालिका बमोजिम लिखित परीक्षामा सामेल हुने उम्मेदवारहरूलाई मिति २०८१।११।२५ गतेपछि पू.वि. सेवा आयोगको कार्यालय, गोठगाउँ, मोरङबाट प्रवेश-पत्र उपलब्ध गराइनेछ। प्रवेश-पत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सामेल नगराइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा/समूह | परीक्षा हुने मिति, समय र स्थान |
|---|---|---|---|---|
| १. | ०२४/०८१।०८२ | मुख्य अधिकृत | प्रशासन | मिति: २०८१/११/२८ गते बुधबार, बिहान ११:०० बजेदेखि ०२:०० बजेसम्म, पू.वि.स्कूल अफ हेल्थ साइन्स, गोठगाउँ, मोरङ। |
| २. | ०२५/०८१।०८२ | मुख्य अधिकृत | लेखा | |
| ३. | ०२६/०८१।०८२ | मुख्य अधिकृत | कम्प्युटर | |
| ४. | ०६७/०८१।०८२ | मुख्य अधिकृत | पुस्तकालय | |
| ५. | ०२७/०८१।०८२ | बरिष्ठ अधिकृत | प्रशासन | |
| ६. | ०२८/०८१।०८२ | बरिष्ठ अधिकृत | लेखा | |
| ७. | ०२६/०८१।०८२ | अधिकृत | प्रशासन | |
| ८. | ०३०/०८१।०८२ | अधिकृत | लेखा | |
| ९. | ०३१/०८१।०८२ | अधिकृत | भण्डार | |
| १०. | ०३२/०८१।०८२ | अधिकृत | कम्प्युटर | |
| ११. | ०३३/०८१।०८२ | अधिकृत (प्रा.) | सिनियर स्टाफ नर्स | |
| १२. | ०३४/०८१।०८२ | मुख्य सहायक | प्रशासन | |
| १३. | ०३५/०८१।०८२ | सहायक | प्रशासन | |

**द्रष्टव्य:**

१) उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डटपेन र कलम प्रयोग गर्नु पर्नेछ।

२) प्रवेश-पत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराइने छैन। साथै, उम्मेदवारले प्रवेश-पत्रसंगै आफ्नो सक्कलै नागरिकता प्रमाणपत्र वा परिचय-पत्र अनिवार्य रूपमा लिई आउनु पर्नेछ।

३) परीक्षा भवनमा झोला, मोबाईल फोन, स्मार्ट वाच, इलेक्ट्रोनिक्स डिभाइसहरू, निषेधित सामग्रीहरू लैजान निषेध गरिएको छ।

४) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि सेवा आयोगको पूर्व सूचना बिना निर्धारित परीक्षा कार्यक्रम अनुसारको परीक्षा कार्यक्रम स्थगित हुने छैन।

५) उल्लेखित परीक्षा कार्यक्रममा प्राविधिक कारणले कुनै त्रुटि हुन गएको रहेछ भने सोलाई सच्याउने अधिकार पूर्वाञ्चल विश्वविद्यालय, सेवा आयोगमा निहित रहनेछ।

(जनकमणि तिम्सिना)
मुख्य अधिकृत (कम्प्युटर)